नागरिक
दैनिक २०८०।०९।०७
०८, प्रकाशित

# Laxmi Laghubitta Bittiya Sanstha Ltd.

# लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय:
कपन मार्ग, महाराजगञ्ज, काठमाण्डौ । फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४
इमेल: info@laxmilaghu.com.np, वेबसाइट: https://laxmilaghu.com.np

## बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०७)

श्री शेयरधनी महानुभावहरु,

यस संस्थाको मिति २०८०/०९/०६ गते शुक्रवार (तदनुसार २२ डिसेम्बर २०२३) मा सम्पन्न सञ्चालक समितिको १७०औं बैठकको निर्णय बमोजिम संस्थाको बाह्रौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान** :

**मिति** : **२०८० पौष २९ गते आइतबार (तदनुसार १४ जनवरी, २०२४)**
**समय** : **बिहान ११ :०० बजे**
**स्थान** : **अग्रवाल भवन कमलपोखरी, काठमाण्डौ**

**छलफलका लागि प्रस्तावित विषयहरु** :

**क) सामान्य प्रस्ताव :**

१) बाह्रौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात तथा आ.व.२०७९/८० को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी स्वीकृत गर्ने।
३) वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व. २०८०/८१ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखा परीक्षक श्री पि.के.एफ.टि.आर उपाध्या एण्ड कम्पनी चाटर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ)।

**ख) विशेष प्रस्ताव :**

१) लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्वन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई दिईएको अख्तियारीलाई निरन्तरता दिने।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :

(१) बाह्रौं वार्षिक साधारण सभा प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम २०८० साल पौष १८ गते बुधबार बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०९/१८ गते भन्दा अघिल्लो दिन सम्म कारोवार भई संस्थाको शेयरधनी कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन्।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु संस्थाको केन्द्रीय कार्यालय, महाराजगञ्ज काठमाण्डौमा र शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपि माग गरेमा प्रतिलिपि दिने व्यवस्था मिलाईएको छ। वार्षिक प्रतिवेदनको प्रति संस्थाको वेबसाइट https://laxmilaghu.com.np मा समेत उपलब्ध हुनेछ।

(३) सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थाको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै अर्थात २०८०/०९/२६ गते बिहान ११ बजे भित्र श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नयाँ बानेश्वर, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधिपत्र (Proxy Form) प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा हुनु पर्नेछ।

(४) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभए पनि शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नेछ। यसरी प्रतिनिधि पठाउँदा सभा शुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै संस्था वा शेयर रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराई सक्नुपर्नेछ।

(५) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (Proxy) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वतः बदर भएको मानिनेछ।

(६) प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसँग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन। सबै शेयरका लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्दछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी स्वयं सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ।

(७) एक भन्दा बढी ब्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता भएको अवस्थामा सर्वसम्मतबाट चयन भएको एक जना प्रतिनिधिले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको ब्यक्तिले सभामा भाग लिन पाउनेछ।

(८) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा शेयर प्रमाणपत्र वा शेयरधनी नं. र परिचय खुल्ने कागजात वा वित्तीय संस्थाको शेयर अभौतिकरण गरेको देखिने अभौतिकरण खाता (DMAT Account) को विवरण (BOID Statement) सहित उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ।

(९) साधारण सभा सम्बन्धी विस्तृत विवरण संस्थाको https://laxmilaghu.com.np मा उपलब्ध छ।